# प्रदेश सभा

**गण्डकी प्रदेश**

**चौथो अधिवेशन**

**(उन्नाइसौं बैठक)**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**मिति : २०७६/०३/०९ गते, अपरान्ह ३:०० बजे ।**

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ३ बजेर ३८ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु बस्नुहोस् ।

माननीय सदस्यहरु बस्न अनुरोध गर्दछु ।

माननीय सदस्यहरु बस्न अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, आफ्नो भनाई के छ आफ्नो भनाई राख्दिन प्रतिपक्ष दलको नेतालाई अनुरोध गर्दछु ।

श्री कृष्णचन्द्र नेपालीलाई आफ्नो भनाई राख्न समय उपलव्ध गराउँछु ।

**माननीय कृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय,

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष ०७६/७७ को बजेट तथा असार ५ गते प्रस्तुत गरेको त्यसपछि ६ गते हाम्रो हातमा वार्षिक कार्यक्रम आयो । सरकारले प्रस्तुत गरेको बजेट वक्तव्यमा उल्लेखति कुराहरु र वार्षिक कार्यक्रममा छापिएका उल्लेख भएका कुराहरुमा तालमेल मिलेन र हामीले त्यो वार्षिक कार्यक्रम संविधानको मर्म भन्दा नी विरुद्ध एउटा समानुपातिका प्रतिनिधित्वको भावना भन्दा विरुद्ध कानूनी रुपमा त्रुटीपूर्ण र व्यवहारिक

दृष्टिबाट पनि अव्यवहारिक हामीले महशुस गऱ्यौं र त्यो सम्मानित सभामा त्यो त्रुटीपूर्ण वार्षिक कार्यक्रम छ त्यो छलफल हुन हुँदैन । वार्षिक कार्यक्रममा भएका त्रुटीहरुलाई सच्चाएर मात्र यो प्रदेश सभामा छलफलमा जाओस् भन्ने हामी चाहन्थ्यौं ।

सभामुख महोदय, र हाम्रा दलले त्यसैको लागि हामीले यहाँ सूचना पनि गरेका थियौ र मलाई दुःख लाग्छ की हाम्रो सुचनालाई बेवस्ता गरियो र हाउस स्थगित गरियो । सबैभन्दा पहिला सभामुख महोदय म अनुरोध गर्न चाहन्छु । हाउसमा प्रतिपक्षले आवाज दिने भनेको हाउसमा हो । एक वर्षको लागि प्रदेशको जुन बजेट आएको छ त्यो गम्भिर विषयमा हाम्रो कुराहरु हामी राख्न चाहन्थ्यौ । ताकि सरकारले त्यसलाई करेक्सन गरेर ल्याओस् । त्यो कुरालाई त्यो मौका हामीले पाएनौ र आज पुनः उपस्थित हुन पर्ने अवस्था आएको छ र भविष्यको लागि माननीय सभामुख महोदयसँग मेरो अनुरोध के छ भने निश्चित रुपमा सत्ता पक्षको आफ्नो वाध्यता आफ्नो इन्ट्रेष्ट हुनसक्छ । प्रतिपक्षको पनि आफ्नै भूमिका हो । हामी नै ठिक छौ त्यो पनि हैन । तर व्यक्त गर्ने फोरमलाई जहिले पनि ओपन राख्न पर्छ । यो सभामुख महोदय यो चियर हामी सबैको गार्जेन हो यसर्थमा हाउमा त्यस प्रकारको नजर नहोस् भन्ने चाहन्छु । साथै म त्यो कार्यक्रम पुस्तिका तिर जान चाहन्छु ।

मैले अघिनै उल्लेख गरेको थिएं । किन यो संविधानिक रुपबाट नी उद्रित थियो भन्दखेरी अहिले संविधानिक समानुपातिक प्रतिनिधित्व चाहे नागरिकलाई होस चाहे कुनै प्रदेश भुगोलको जनताका हुन् सबैलाई दिएको अवस्था विकास निर्माणको सन्दर्भमा प्रत्येक जिल्लाको आफ्नो हैसियत हुन्छ । तर सभामुख महोदय यसमा हामीले के देख्यौ भने नवलपुर, कास्की र

तनहुँमा अहिले पहिले हाम्रो हातमा परेको कार्यक्रम पुस्तिकामा केहि सुधार मर्मतका कार्यक्रम बाहेक त्यहाँ कुनै पनि सिंचाइका कार्यक्रम देखेनौ । सभामुख महोदय हाम्रो के थियो भने यहाँ नभएको कार्यक्रम पछि घुसाउने हैन । प्रदेशले थाहा पाउन पर्छ । की प्रदेशमा कहाँ कहाँ बजेट गयो, कुन शीर्षकमा गयो, कति गयो यो सबै पारदर्शी रुपबाट थाहा पाउने अधिकार प्रदेशको हो । यस अर्थमा हामीले भन्यौ यो त्रुटीपूर्ण छ र यसलाई सच्याइयोस् । त्यस्तै, सभामुख महोदय, अहिलेको बजेट विनियोजनमा मैले अघिल्लो पटक बोल्दा भनेकै थिए कि भौतिक पूर्वाधार विकास मन्त्रालयले सुरुवात गरेको छ । मैले आफैले भनेको छु । जुन बजेट एलोकेट भएको थियो त्यो उत्साहजनक हामीले भनेका हौं । तर त्यति हुँदा हुँदै पनि बजेटको बक्तव्य दफा नं. ३३ बुदा २४४ मा सतहि सिंचाई योजना भनेर उल्लेख भएकोमा हाम्रो यो कार्यक्रममा जम्मा १८२ मात्र आएको छ । यो हेर्दै गर्दा सरकारबाट अभिव्यक्ति आउन सक्छ ।

यो सामान्य त्रुटि हो हैन सभामुख महोदय, किन भने बजेट भाषण जुन छ त्यो भन्दा यताउता गएर मलाई लाग्छ कार्यक्रम आउन हुँदैन । यसर्थमा यो पनि सच्चिनु पर्छ भन्ने हाम्रो भनाई हो । अर्को नदि नियन्त्रणको शीर्षकमा नवलपुरमा ९ वटा नदी नियन्त्रण, तनहुँमा १० वटा, मनाङमा ४ वटा मुस्ताङमा ४ वटा उल्लेख गरिएको छ सभामुख महोदय । तर कुन नदि भन्ने नामाकरण गरिएको छैन । यता समुच्च बजेट राखेर नदि नियन्त्रण नवलपुर भनेको भए हामीले एउटा अर्थले बुझ्थ्यौं । या नाम लिनु पर्थ्यो तर बिना नामको यो नदि नियन्त्रण शीर्षक अन्तर्गत विधेयक भएको छ यो पनि सच्चिनु पर्छ भन्ने हाम्रो माग हो र अर्को भौतिक विकास पूर्वाधार मन्त्रालयले अहिले सुन्नमा आएको थियो की ५० लाख भन्दा तल विनियोजन

नगर्ने । अलि ठुलो ठुलो योजनालाई प्राथमिकता दिने भन्ने कुराहरु सुन्नमा आएको थियो तर त्यो कार्यक्रम पुस्तिकामा हेर्दाखेरि ३०८२ देखि ३०८६ सम्म यसो हेर्दा मन्दिर, गुम्बा, मस्जिद आदि इत्यादि शीर्षकमा त्यहाँपनि तोडिएको अवस्था छ । यो आफैमा त्रुटीपूर्ण छ । त्यतिमात्र हैन कतिपय सडकहरुमा एउटै सडकलाई धेरै तिरबाट आएको छ । यो पनि सच्चीनु पर्छ भन्ने हाम्रो भनाई हो । यसरी यो उद्योग तथा कृषि सामाजिक विकास मन्त्रालयमा म अनुरोध गर्न चाहन्छु । विगतमा हामीले अवण्डा बजेट यद्यपी हाउसमा पनि प्रचलनमा आईसकेको छ । पोके बजेट त्यो अबण्डा बजेटको विषयमा हामीले विरोध गरेका हौं तर अहिले विनीयोजीत गरीयो तर कसरी भने सही रुपमा कनीका छराई जस्तो किसीमबाट ति मन्त्रालयहरुको भाको छ सभामुख महोदय, उदाहरको लागि यो स्वास्थ्य मन्त्रालय अन्तर्गत स्तन क्यान्सको नि-शुल्क प्रशिक्षण भनेर ४५ हजार रुपैयाँ राखिएको छ । यो मैले उदाहरण दिएको यो न्यून रकम राखिएको छ भने गोष्ठी, सभा, आदि इत्यादीमा धेरै बजेटहरु राखिएको छ । त्यस्तै हुन के पर्थो भन्दा स्वास्थ्यमा स्वास्थ्य मन्त्रालयल यो वर्थिङ सेन्टर पाठेघर खस्नेलाई अझ रकम बढाएर यहाँ जिल्ला अस्पतालहरुको उपकरणहरुलाई दिएर एउटा देखिने किसिमको गर्नु परेमा यति धेरै विनियोजित भएका छन् साना साना रकमहरु त्यो पनि कास्कीमा देखाईएको छ । यो पनि त्रुटीपूर्ण छ । यो पनि सच्चिनुपर्छ भर्ने हाम्रो भनाई छ र अको यो प्रदेशमै एउटा नयाँ कुरो भएको थियो जुन कुरो हाम्रो बाहिरी प्रदेशबाट पनि त्यो विषयमा सकारात्मक रुपमा हामीलाई हेरेको अवस्था थियो । त्यो भनेको के हो भन्दा खेरी हामीले यो वर, पिपल चौतारी संरक्षण ऐन भनेर ल्यायौं पास पनि गर्‍यौं एउटा नयाँ चिज हामी पनि चाहन्थ्यौं । एउटा नयाँ

चिज आएको छ यसमा सरकार आगाडी बढोस् तर मलाई त्यो पुस्तीकामा यो सव केही छैन एउटा बजेट पनि राखिएको छैन । अर्को उद्योग पर्यटनमै म एउटा उदाहरण दिन चाहन्छु । वार्षिक विकास कार्यक्रम क्रम सङ्ख्या ११९ मा अति गरीव परिवारको लागि कम्तीमा १० जनाको हुने गरी साझा सुविधा केन्द्रको लागि रु. १० लाख विनियोजित गरिएको छ भनेको छ । यही सब्दमा यही भाषामा १३६, १५३, १७०, १८७, २०४, २२१, २३८, २५५, २७२, ३१७ मा यही शिर्षक यसरीनै १०-१० लाख विनियोजन भएको थियो यसरी त्यती मात्रै होइन यो चाही पेज नं. २६४ क्र.सं.३६७० त्यहाँ सामाजिक विकास मन्त्रालयले राष्ट्रिय युवा परिचालन शिर्षक अन्तर्गत राष्ट्रिय विकास स्वयम् सेवक सेवा भनेर ३ करोड रखिएको अवस्था छ । सभामुख महोदय, हामीले अघिल्लो पटक जुन अबण्डा बजेटबाट निस्किएका विकृतिहरु जो कमजोरीहरु छन् त्यो हामीले देखिसकेका छौं । यस अर्थमा यो ३-३करोड २४ लाख रुपैयाँ यो राष्ट्रिय विकास स्वयम् सेवक सेवा भनेर हामीले जुन राखिएको छ । यो हामी चाहन्छौं यसको शिर्षक किलियर हुन पर्छ त्यो भनेको के हो ? गलत परिचय राष्ट्रिय स्वयम् सेवकमा को भर्ति हुने यस अर्थमा यो एउटा विवादास्पद कुरा छ यसलाई पनि क्लीयर गर्नु पर्छ भन्ने हाम्रो  धारणा छ । यसरी अरु पनि धेरै कुराहरु छन् बजेटमा यो पँचभैया बन्यजन्तु उद्धार क्रेन्द्रको लागि रु. १ करोड भनेर यो पुस्तिकामा आएको छ वार्षिक कार्यक्रममा तर बजेटमा उल्लेख छैन बजेटमा उल्लेखित नभएको कुराहरु यसरी आउन मिल्थो कि मिल्थेन मिल्दैन भने हाम्रो यो जिकिर हो । यसरी अब हाम्रो सरकारसँग अनुरोध गराई सभामुख मार्फत के अनुरोध हो भनेर भन्दा खेरी जे जति त्रृटीहरु भएका छन् यो सच्चीनु भनेको हामी सबैको राम्रो हो । सरकारले त्यसलाई सच्चाउनु पर्छ अनि छलफलमा

जानु पर्छ किनभने छलफलमा जाँदा एउटा दफा एउटा चिजमा छलफलमा जाने पछी घुसाउने भन्ने कुरो हुँदैन त्यस अर्थमा जे जति त्रुटि धेरै छन् त्यहाँ त्यसलाई सच्चाएर आउनुपर्छ भन्ने हाम्रो भनाई हो र अर्को निश्चित रुपमा सभामुख महोदय हामी राजनैतिक फिल्र्डबाट आएका छौं । विभिन्न पार्टीको प्रतिनिधित्व गरेका छौं । अहिले ने.क.पा.को सरकार छ । हामी प्रतिपक्षमा छौं । यो वास्तविकता हो । यति हुँदै गर्दा पनि यो हाउसको मेम्बर भनेको सबैको एउटा हैसीयत सम्मान एउटै कुनै पनि प्रदेशको सदस्यले आफुलाई फिल गर्यो भने । त्यो प्रदेश सभाको लागि एउटा नाराम्रो हुन सक्छ। हामीलाई त्यो कुराको फिल भाको छ । त्यस अर्थमा म सरकारसँग खासगरी सरकार सभामुख मार्फत सरकारसँग अनुरोध के गर्न चाहन्छु भने प्रतिपक्षका सभासदज्यूहरुलाई पनि सम्बोधन होस् कि यो बजेटको ओर्नसिपको लागि उहाँहरुका पनि कुरा सुनियोस् । त्यस्तै अबण्डा बजेटको कुरो छ । हुन त सभामुख महोदय यहि हाउसमा हो । माननीय मन्त्री जी, मननीय मुख्यमन्त्री जीले पनि मुख्यमन्त्री जीले त अलिअलि रिजेल्ट राखेर केही कुरा गर्नु भएको थियो तर अबण्डा हामी राखिदैन भन्ने उहाँहरुको भनाई थियो हामीले त्यसलाई विश्वास गर्‍यौं फेरी पनि बजेटपनि अबण्डामा छन् । धेरै बजेटहरु मेरो निबेदन गराई के हो भने अब भोलिका दिनमा अबण्डालाई विनियोजित गर्न सकिन्छ गरौं । होइन भने पनि जति बेला विनियोजित हुने हो त्यतिखेर प्रतिपक्षलाई पनि साथमा लिएर कमसेकम हामीलाई थाहा छ । सत्ता पक्षले र प्रतिपक्षले इक्वईल स्टेटस डेभलप गर्ने हद लिईन्छ भन्ने कुरो पनि होईन त्यो हामीले बुझेका छौं तर पनि हामीलाई पनि त्यसमा समावेश गरेर सरकारले बजेटलाई विनियोजन

गर्नु पर्छ भन्ने अनुरोध गर्न चाहन्छु । त्यस्तै यो निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रमको विषयमा धन्यवाद पनि दिन चाहन्छु सरकारलाई कि २ करोड रुपैयाँ विनियोजित गरेको छ । एउटा क्षेत्रमा तर यसमा पनि मेरो भनाई के हो भने हाम्रो भनाई २ वटा छ । एउटा सबै यद्यपी त्यो आएको छ। कार्यविधिबाट मिलाउने भनेर त्यो क्षेत्रभित्रका सांसदहरुकै इक्वाईल स्टेटस हुने किसिमबाट चैने कार्यविधि बनोस् र अर्को यदी मिल्छ भने त्यो विषयमा यो भन्न चाहन्छु । कि अहीले बाहिर सांसद विकास यो विकास क्षेत्र कोषको विषयमा एउटा भ्रम सिर्जना भएको छ सभामुख महोदय पहिलाको सांसद विकास कोषसँग जोडेर हर्ने गरिएको छ ।  यो कुरालाई चिर्न जरुरी छ । हामी चिर्छौ र सरकारले बजेट खर्च गर्ने सन्दर्भमा यो शिर्षकमा अझ बढायो भने पनि जिम्मेवार छ । सदस्यहरु मलाई लाग्छ उहाँहरुले राम्रो चयन गरेर यो सरकारलाई सहयोगै पुग्छ । त्यो हुँदैन भने इक्वइल स्टेटसका कुराहरु होस् । भन्ने हाम्रा भनाईहरु छन् सभामुख महोदय धेरै कुराहरु अब म जे राखे छोटकरीमा के भन्दा खेरी यो साझा दस्तावेज हो, सबैको प्रर्प्रर्टि हो र यसमा कानूनी त्रृटि भोलि अब डेमोक्रेसी हो । हामीले यदी कानून भन्दा बाहिर गयौं भने त्यसलाई हेर्ने अवस्था छ यस अर्थमा सरकारले यसलाई नामुमकिन भएका कमि कमजोरीहरुलाई सुधारेर अबको यो बजेट आओस् र अन्य कुराहरु पनि सम्बोधन होस् भन्ने कुराहरुपनि राख्न चाहन्छु । सभामुख महोदय ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, म बस्न अनुरोध गर्दछु, माननीय सदस्यहरु म बस्न अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, म बस्न अनुरोध गर्दै अब यो बैठक मिति २०७६ साल असार ९ गते अपराह्न ४ बजे सम्मको लागि स्थगित हुन्छ ।